## नेपालमा बौद्धिक सम्पत्ति संसक्षणमा संवैधानिक भूमिकाको आवश्यकता

**परिचय :**

देशमा ऐतिहासिक राजनैतिक आन्दोलन मार्फत यसको राजनैतिक सामाजिक आर्थिक परिवर्तनको घडीमा नेपाली जनता आफ्नो समग्र जिवन पद्धतिमा नै परिवर्तन र विकासको अपेक्षा लिएर बसेका छन् । यो अपेक्षा देशको राजनैतिक सामाजिक र आर्थिक विकासबाट सम्भव हुने कुरामा दुईमत नहोला । जुन कुरा राज्यको मेरुदण्ड तथा राज्य प्रणालीको आधारभूत एवं सर्वोच्च निर्देशिकाको रुपमा नेपाली जनताले आफ्नो लागि नयाँ लोकतान्त्रिक संविधान निर्माण गर्दैछन् । आज सम्पूर्ण राजनैतिक शक्तिहरु केही अपवादात्मक प्रति घटनाका बाबजुत पनि एकजुट भई राष्ट्रको समग्र दिशाबोध गर्नका लागि नयाँ संविधान निर्माण गर्दैछन् । यसै क्रममा देशका सम्पूर्ण वर्ग र समुदायको अपेक्षा र हितलाई अव बन्ने नयाँ संविधानमा समाविष्ट गराउन सबै समुदाय र वर्गका जनता तल्लिन भएका छन् । तर पनि नेपाली जनताको समुदाय र वर्गको अति महत्वपूर्ण पक्षलाई भने अझैसम्म कतैबाट सम्बोधन गर्न सकेको पाइदैन । त्यो विषय नेपालमा नेपालीहरुसँग निहित बौद्धिक सम्पत्ति र भावी समयमा नेपालीद्वारा सृजना गर्ने मौलिक एवं नविन बौद्धिक उपलब्धिहरुलाई संरक्षण दिनका लागि संवैधानिक प्रत्याभूति दिने विषय हुनुपर्दछ । बौद्धिक सम्पत्तिलाई प्रतिलिपि अधिकार, पेटेण्ट, ट्रेडमार्क, डिजाइन जस्ता परम्परागत शब्दहरु मार्फत मात्र बुझिरहेका हामी नेपालीहरु माझ यी परम्परागत शब्दहरुको समेत पूर्ण ज्ञान र जानकारी रहेको अवस्था छैन । वि.सं. १९३० मा नै विदेशी मोटर "Ford" भरियालाई बोकाएर नेपाल झिकाएको इतिहास हामीसंग छ भने आज भन्दा करिव ७२ वर्ष पूर्व नै नेपाली कानुनी शब्दकोषमा घरेलु कानुनी शब्दको रुपमा नेपाल पेटेण्ट, डिजाइन र ट्रेडमार्क ऐन १९९३ मार्फत यी परम्परागत शब्द मध्ये पेटेण्ट, डिजाइन र ट्रेडमार्क शब्द र यो शब्दसँग सम्बन्धित मानव सभ्यताको महत्वपूर्ण सृजनाहरुलाई उक्त कानुनी व्यवस्थाले संरक्षण प्रदान गर्न शुरु भएपछि २०२२ सालमा प्रतिलिपि अधिकार ऐन २०२२ मार्फत प्रतिलिपि अधिकारको अबधारणालाई पनि धरेलुकरण गर्न सफल भयो । जसको नयाँ संस्करण प्रतिलिपी अधिकार ऐन २०५९ हामी सामु छ । तर बौद्धिक सम्पत्तिलाई कानुनका यी परम्परागत चार वटा विधामा मात्र सिमित रहेर हेर्ने अवस्था भने पक्कै छैन । भौगोलिक संकेत (Gegrophical Indication), व्यवसायिक गोप्य सूचना (Trade Secret), Layout design of integrated circuit) जस्ता विधाहरु पनि बौद्धिक सम्पत्तिका महत्वपूर्ण विधाको रुपमा विकास भै सकेको छ ।

### कला र विज्ञानको क्षेत्रमा मौलिक सृजना : प्रतिलिपी अधिकार (Copyright)

कला र विज्ञानको क्षेत्रमा मौलिक सृजनालाई बौद्धिक सम्पत्ति अन्तर्गतको प्रतिलिपि अधिकार सम्बन्धि कानुनले व्यवस्थित गरी सोको संरक्षण प्रदान गर्दछ । सृजनाकारले आफ्नो बौद्धिक क्षमता र दक्षतालाई दैनिक जिवनका व्यवहारिक क्रियाकलाप देखि कला र विज्ञानको क्षेत्रसम्म मौलिक रुपमा प्रस्तुत गरेको कुनै पनि सृजना र प्रस्तुतिलाई कुनै किसिमको औपचारिकता विना नै साधारणतया सृजनाकारको जीवनभरी र निजको मृत्यु पश्चात ५० वर्ष सम्म संरक्षण प्रदान गर्दछ । त्यस्तो मृत्यु पर्यन्त अवधि सृजनाकारले इच्छाएको वा कानुनी हकवालाले विधिवत प्राप्त गर्दछ । प्रतिलिपि अधिकार संरक्षण गर्ने कानुनले प्रतिलिपि अधिकार धनीलाई निजको सृजनाको उपयोग सम्बन्धि विषेशाधिकार प्रदान गर्दछ । जसले सृजनाकारको सृजनाको हुबहु नक्कल गर्न, अनुमतिविना कानुनले निर्दिष्ट तरिका र क्षेत्र बाहिर गै उपयोग गर्न निषेध गरेको हुन्छ । तर यसले स्वतन्त्र सृजनालाई भने निषेध गरेको हुँदैन । साथै यसले बौधिक क्षमता वा विचार आफैमा संरक्षणको विषयवस्तुको रुपमा भने स्वीकार गर्दैन । यस अन्तर्गत रचनाजन्य अधिकार, प्रस्तोता सम्बन्धि अधिकार, ध्वनिअङ्कन उत्पादक तथा प्रशारण संस्थाको अधिकारको सम्बन्धमा व्यवस्था गरी सो अधिकारहरुको संरक्षण गर्दछ ।

### विज्ञान र प्रविधिको क्षेत्रमा नविन अन्वेषण एवं आविष्कारः पेटेन्ट (Patent)

विज्ञान र प्रविधिको क्षेत्रमा गरिएको नविन अन्वेषण एवं आविष्कारको वैज्ञानिक उपलब्धिलाई बौद्धिक सम्पत्ति अन्तर्गत पेटेण्ट सम्बन्धि कानुनले व्यवस्थित गरी त्यसलाई संरक्षण प्रदान गर्दछ । अनुसन्धानकर्ताले वैज्ञानिक रुपमा आविष्कारका पद्धति सहित आविष्कार गरिएको उपयोगी तथा व्यवसायिक उपयोग गर्न लायकको आविष्कार र सोमा निहित बौद्धिक सार तत्वलाई पेटेन्ट प्रदान गरी २० वर्ष सम्मका लागि एकल विशेषाधिकार पूर्ण स्वामित्व प्रदान गर्दछ । यसको लागि आफ्नो आविष्कारको दृष्टिले विवरण, नविन उपलब्धि, वैज्ञानिक आविष्कारको पद्धति सहित त्यो नविन उपलब्धिको उपयोगिता सिद्ध गरिएको विवरण सहित सम्बन्धि निकायमा पेटेन्टका लागि निवेदन दिए पश्चात उक्त महत्वपूर्ण वैज्ञानिक उपयोगी नविन सूचनामा पहुँच बताइ दिए वापत समाजको प्रतिनिधिको हैसियतले राज्यले

आविष्कारकर्तालाई पुरस्कार र सतहीको रुपमा उक्त आविष्कार र सोसँग सम्बन्धित नविन उपलब्धिको सूचनाको एकल प्रयोग र उपयोग सम्बन्धी एकाधिकारको रुपमा पेटेण्ट प्रदान गर्दछ ।

### व्यावसायिक प्रतिनिधित्व र ख्यातिः ट्रेडमार्क (Trademark)

कला, विज्ञान र प्रविधिको प्रयोगबाट उत्पादन गरिएका विभिन्न व्यवसायिक वस्तुहरुको उपभोक्ता बजारमा परिचित गराउन वस्तु उत्पादनक वा सेवा प्रदायकबाट आफ्नो प्रतिनिधित्व गर्न वा आफ्नो वस्तु वा सेवाको स्तर र गुणको प्रतिबद्धता जाहेर गर्ने हेतु आफूले उत्पादन गरी उपभोक्ता माका प्रस्तुत गर्ने वस्तु वा सेवामा समाहित गरिने कुनै पनि शब्द, चिन्ह, चित्र , रंग, रेखा वा यस्तै अन्य संकेतहरु वा त्यसको समग्र चिन्हलाई बौद्धिक सम्पत्ति अन्तर्गत ट्रेडमार्क व्यापार चिन्ह सम्बन्धी कानुनले व्यवस्थित गरी सोको संरक्षण प्रदान गर्दछ । यस्तो चिन्ह पहिल्यै उपभोक्ता बजारमा अरु नै व्यक्तिले प्रचलनमा ल्याएका चिन्ह वा सो सँग हुबहु मिलेको वा त्यसरी प्रचलनमा ल्याएका चिन्हसँग भ्रम सृजना नहुने किसिमको हुनु पर्ने र र त्इसले पहिल्यै प्रचलनमा ल्याएका अन्य चिन्हसँग उच्चरण र दृश्य दुवै तवरले प्रकट हुन जरुरी हुन्छ । यसरी संरक्षण प्राप्त गर्न सम्बन्धित निकायमा दर्ता गर्नुपर्ने र एक पटक दर्ता गरिसकेपछि त्यसरी दर्ता गरेको व्यापार चिन्ह नापिमकरण गरिरहेसम्म मान्यता प्राप्त गर्दछ । यो व्यापार चिन्ह सम्बन्धि अधिकार सम्बन्धी चिन्ह माथिको एकाधिकार नभई उक्त चिन्हको तोकिएको  वस्तु वा सेवामा उपयोग गर्ने अधिकार मात्र हो जसले उक्त वस्तुमाथि सम्बन्धित उत्पादक वा सेवा प्रदायकको ख्याति संस्थागत हुन मद्दत पुग्छद ।

### व्यावसायिक वस्तुको आकारः औद्योगिक डिजायन (Industrial Design)

कला, वित्रान र प्रविधिको प्रयोगबाट उत्पादन गरिएका वस्तुहरु व्यवसायिक रुपमा उत्पादन गरी आम उपभोक्ता माझ प्रतिस्पर्धात्पमक व्यवसाय वा उपलब्ध गराउँदा आफ्नो वस्तुलाई आम उपभोक्ता बजारमा समकक्षी उत्पादकबाट उत्पादन गरी बजारमा प्रस्तुत गरेको वस्तुसँग स्वस्थ र आकर्षक ढंगले प्रतिस्पधी बनाउनका लागि आम उपभोक्ताको उक्त वस्तुमाथि ध्यानाकर्षण गर्ने हेतु त्यस्तो वस्तुमा उपयोग गरिने आकार, जसले उक्त वस्तुको अन्तिम रुप धारण गर्दछ, लाई बौद्धिक सम्पत्ति अन्तर्गत औद्योगिक  डिजाइन सम्बन्धी कानूनले व्यवस्थित गरी संरक्षण प्रदान गर्दछ । यस्तो वस्तुमा उपयोग गरिने आकार नवीन र मौलिक हुनुपछर्दछ । यस्तो आकार वा डिजायन उक्त वस्तुको सारवान भाग नभएको हुनुपर्ने शर्त औद्योगिक डिजायन संरक्षणको महत्वपूर्ण पक्ष मानिन्छ । औद्योगिक डिजाइनले उक्त डिजाइनको धनिलाई सो डिजाइनको प्रयोग सम्वन्धि एकाधिकार ५ वर्षको अवधिको लागि प्रदान गरी सो समयपछि दुई पटक ५/५ वर्षको लागि नविकरण गर्न सकिन्छ ।

### भौगोलिक ख्यातिः भौगोलिक संकेत (Geographical Indication)

निश्चित भौगोलिक क्षेत्र भित्रको प्राकृतिक, भू-धरातल, हावापानी तथा अन्य प्राकृतिक एवं स्थानीय कला, सीप वा उक्त क्षेत्रसँग सम्बन्धित भई उपलब्ध गरेको सेवा तथा वस्तुहरुमा रहेको विशेष भौगोलिक ख्यातिलाई प्रतिनिधित्व हुने गरी उक्त भौगोलिक क्षेत्रसँग सम्बन्धित भै उत्पादन गरेको वस्तु वा उपलब्ध गरेको सेवामा समाविष्ट गरिएको कुनै चिन्ह वा भौगोलिक क्षेत्रको नाममा वा त्यस्तै भौगोलिक संकेत जनाउने गरी समाविष्ट भौगोलिक संकेतलाई बौद्धिक सम्पत्ति अन्तर्गत भौगोलिक संकेत सम्बन्धी कानुनले व्यवस्थित गरी संरक्षण गर्दछ । यो कुनै व्यक्ति विशेषलाई नभई सम्बन्धित भौगोलिक क्षेत्रका वासिन्दालाई सामूहिक अहस्तान्तरणीय स्वामित्वको रुपमा प्रदान गर्दछ । यो अधिकार सिमित भने हुँदैन । तर नेपालमा हाल यसको संरक्षण सम्वन्धि कानूनी व्यवस्था भैसकेको छैन ।

### व्यावसायिक महत्वका गोप्य सूचनाः Trade Secret Law

त्यस्तै व्यवसायिक क्षेत्रमा आफ्नो व्यवसायलाई विशिष्टकृत ढंगमा प्रतिस्पर्धा बनाउन वा प्रतिस्पर्धि बजारमा आफ्नो निकततम् प्रतिस्पर्धिसँगको बसाई प्रतिस्पर्धामा आजलाई अग्रस्थानमा राख्न या आफ्नो व्यवसाय बढी सुरक्षित र व्यवस्थित अनि अग्रणी रुपमा संचालन गर्नका लागि सहयोगी र अत्यावश्यक रहेको आफ्नो व्यवसायिक क्रियाकलाप सँग सम्बन्धित व्यवसायिक महत्व राख्ने खालका गोप्य सूचना, तकनिको इत्यादीलाई बौद्धिक सम्पत्ति अन्तर्गत व्यवसायिक गोप्यतालाई संरक्षण गर्ने कानुन गोप्य सूचना संरक्षण सम्बन्धि कानुन वा Trade Secret Law ले व्यवस्थित गरी सोको संरक्षण गर्दछ । यस अन्तर्गत संरक्षण प्राप्त गर्न दर्ता लगायतका औपचारिकता पूरा गर्न आवश्यक छैन बरु सम्बन्धित धनीले आफ्नो व्यवसायिक गोप्य सूचना वा टकनिकोलाई गोप्य राख्न र व्यवसायिक उपयोगमा ल्याउन निरन्तर प्रयासको जरुरत पर्दछ । यसको संरक्षण अवधि निश्चित हुँदैन तर स्वतन्त्र सृजना गर्नबाट भने तेस्रो व्यक्तिलाई निषेध गर्न सकिदैन । तर नेपालमा हाल यसको पनि संरक्षण सम्वन्धि कानूनी व्यवस्था भैसकेको छैन ।

## Layout Design of Integreted Circut

त्यस्तै इलेक्ट्रोनिक्स सामानहरुमा निहित विभिन्न इलेक्ट्रोनिक्स डिभाइसहरु मध्ये उपयुक्त इलेक्ट्रोनिक्स डिभाइसलाई सञ्चालनमा ल्याउनका लागि प्रमुख भूमिका निभाउने इलेक्ट्रोनिक्स चिप्स र त्यसँग सम्बद्ध अरु सहायक इलेक्ट्रोनिक्स डिभाइसहरुको व्यवस्थित प्रस्तुति र सञ्चालनको लागि मौलिक एवं फरक ढंगले गरेको लेआउट डिजाइनलाई उक्त इलेक्ट्रोनिक्स संजाल Intigreted circut को Layout Design को रुपमा बौद्धिक सम्पत्ति अन्तर्गत Layout Design of Integreted Circut ले व्यवस्थित गरी संरक्षण प्रदान गर्दछ । नेपालमा हाल यसको पनि संरक्षण सम्वन्धि कानूनी व्यवस्था भैसकेको छैन ।

**वौद्धिक सम्पत्तिको संरक्षणको प्रसङ्ग**

बौद्धिक सम्पत्तिका यी प्रमुख विधाहरुले मौलिक एवं नविन बौद्धिक सृजनाहरुलाई व्यवस्थित गरी संरक्षण गर्ने गरिएतापनि यी विधाहरुले मानव सभ्यतामा विकास भएका र विकास हुने सम्पूर्ण प्रकृतिको बौद्धिक सृजनालाई समेट्न सकेको पाइदैन । यी सम्पूर्ण विधाहरु तोकिएको हदसम्म तोकिएको विषयवस्तुमा मात्र सिमित भएको हुन्छ । तर बौद्धिक सृजनाका सबै क्षेत्र र सबै रुप बौद्धिक सम्पत्तिको विषयवस्तु हो । चाहे त्यो परम्परागत ज्ञान शीप र दक्षता किन नहोस या त्यो जैविक विविधताको बौद्धिक उपयोग नै किन नहोस । मानव जीवनको सृजनात्मक बौद्धिक उपलब्धि र बौद्धिक सृजनाहरु सम्पूर्ण रुपमा बौद्धिक सम्पत्तिको विषयवस्तु हुन । यस अर्थमा हेर्ने हो भने मानव मष्तिस्क र बौद्धिकतामा निहित हरेक मौलिक एवं नविन सृजनाहरु बौद्धिक सम्पत्तिको सरोकारको विषयवस्तु हुन । यदि यो सत्य हो भने हरेक मानवको माष्टिस्क मानव सम्यताको कुनै न कुनै एक क्षेत्रमा विलक्षण क्षमता राखेको हुन्छ हरेक मानव सँग आफ्नो बौद्धिक क्षमताको उपयोग प्रदर्शन गर्ने सम्भावना बोकेको हुन्छ । विशेष गरी हामी नेपाली शताब्दियौं पहिले आजको विकसित मुलुक भनिएको अमेरिका पत्ता नलागेको समयमा कला साहित्य र सभ्यताको उच्चतम् विकास गरिसकेको नेपाल र नेपालीसँग बौद्धिक क्षमता ज्ञान सीप र दक्षता अवश्य पनि विलक्षण छ । त्यो भक्तपुरको पाँचतल्ले मन्दिर, स्वर्णद्वार, पाटनको कृष्ण मन्दिर अनि काठमाडौंको काष्टमण्डपलाई एक छिन मनन गरी अवलोकन गरिएको खण्डमा प्रमाणित हुन्छ । नेपालको गाउँ शहर, लेक, बेसी, हिमाल, पहाड, तराईमा फैलिएर रहेको कला संस्कृति जैविक विविधताको उपयोग परम्परागत कृषि वास्तुशास्त्र, गणितशास्त्र, ज्योतिषशास्त्र, तन्त्र र मन्त्रशास्त्र इत्यादीको अपार उपयोग र अभ्यास आफैमा उदाहरण हुन । परम्परागत ज्ञानशीप र दक्षतामा आजको आधुनिक तुलाबाट तौलिदा केही अपवादात्मक प्रश्न रहेपनि त्यस्ता परम्परागत ज्ञान शीप र दक्षतामा निस्कृत वैज्ञानिक उपयोगी पक्षलाई वेवास्त ।गर्न सक्ने पनि होइन किनकी यी विधिहरु हामीलाई हाम्रा पुर्खाले सुम्पेका अमुल्य सम्पत्ति हुन जुन हिरा र अमुल्य रत्न भन्दा पनि अमुल्य छन् । यसको अर्थ महत्वलाई अहम साथ गर्नु मात्र हो । विडम्बना, बौद्धिक सम्पत्तिको परम्परागत विधाहरुले यी हाम्रा परम्परागत विधिहरुलाई संरक्षण दिने विचार राख्दैन उल्टो संरक्षण गर्न नमिल्ने वर्गमा यी विधिलाई राखिएका छन् । यो नै हाम्रो चुनौति हो । तर पनि यी परम्परागत ज्ञान शीप र दक्षताको महत्वलाई स्वीकार गर्दै विश्व बौद्धिक सम्पत्ति संगठन लगायतका अन्तराष्ट्रिय निकायबाट यसको संरक्षण बौद्धिक सम्पत्तिकै मान्यता दिएर गर्नुपर्ने अवधारणा ल्याइसकेको परिप्रेक्षमा हामी नेपाली यसको लागि अग्रसर हुन अति आवश्यक भएको छ ।

बौद्धिक सम्पत्तिका अपार क्षेत्र मध्ये प्रतिलिपि अधिकार पेटेण्ट डिजाइन र ट्रेडमार्कलाई क्रमशः प्रतिलिपि अधिकरा ऐन २०५९ र पेटेन्ट डिजाइन ट्रेडमार्क ऐन २०२२ ले संरक्षण प्रदान गरेको भएपनि यो पूर्ण नभएको तथ्य सबैले स्वीकारेकै अवस्था छ । यी वाहेक अरु विधा विशेष गरी भौगोलिक संकेत, व्यवसायिक गोप्य सूचना, इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइन जस्ता क्षेत्र जुन विश्व व्यापार संगठन WTO को बौद्धिक सम्पत्ति सम्बन्धि सम्भौता TRIPS ले निर्देशित गरेको छ । यसलाई नेपालले कानुनी व्यवस्था गरी संरक्षण दिनुपर्ने दायित्व छदैछ । बौद्धिक सम्पत्तिको यी विधाहरुले हाम्रो बौद्धिक सृजनालाई संरक्षण गर्न खोजिएको भएतापनि पूर्ण चेतनाको अभाव र असरयुक्त क्रियात्मक पद्धतिको अभावमा यसको संरक्षण प्रभावकारी हुन सकेको पाइन्दैन भने यसको संरक्षणको लागि आवश्यक पर्ने राष्ट्रिय नीति समेतको अभाव कायमै छ । बौद्धिक सम्पत्ति सम्बन्धि राष्ट्रिय नीति र त्यो राष्ट्रिय नीतिले निर्देशित गरे अनुसारको आर्थिक वैज्ञानिक र कानुनी नीति विकास गरी सोको लक्ष्य पूर्तिका लागि आवश्यक ऐन नियम तथा अरु आवश्यक प्रशासनिक संयन्त्र र निकायको विकास गर्न नेपाल अग्रसर हुनु पर्ने अवस्था छ । बौद्धिक सम्पत्ति संरक्षण सम्बन्धि नेपालको वर्तमान कानुनलाई संक्षिप्त रुपमा अवलोकन गर्दा यसले बौद्धिक सृजनामा धेरै थोरै क्षेत्रमात्र समेट्न सफल भएको र साथै यी कानुनी व्यवस्था पनि आफैमा अपूर्ण भैरहेको अवस्थामा नेपाली जनताले आफ्नो बौद्धिक सृजनाको प्रभावकारी संरक्षणको प्रत्याभूतिम हसुस गर्न सकेका छैनन । यसको कारणहरु मध्येमा बौद्धिक सम्पत्तिको

प्रकृति, यसको संरक्षण सम्बन्धि कानुनको अपूर्णता भएको कानुनको प्रयोगमा जटिलता, कानुनी उपचारमा पहुँचको अभाव, बौद्धिक सम्पत्ति संरक्षणमा अन्तरद्वन्द तथा चेतनाको अभाव प्रमुख रुपमा रहेका छन् ।

**वौद्धिक सम्पत्ति संरक्षणको संवैधानिक प्रसङ्ग**

भौतिक सम्पत्ति जस्तो सहज उपयोग नभई बौद्धिक सम्पत्ति अभौतिक सम्पत्तिको रुपमा रहेको हुँदा यो सम्पत्तिको पहिचान उक्त सम्पत्तिको धनी स्वयंलाई रहेको हुँदैन । यसलाई आफूले कब्जा गर्न नसकिने प्रकृतिका हुने हुँदा सर्वसाधारणले यो बौद्धिक सम्पत्तिको जानकारी राख्न कठिन हुन्छ । प्रचलित बौद्धिक सम्पत्तिका सम्पूर्ण विधालाई समेट्ने कानुन नहुनु र भएका सिमित कानुन पनि प्रष्ट र पूर्ण नहुनु अर्को समस्या रहेको छ । भएको कानुन प्रयोगमा पनि प्रशासनिक संयन्त्रको कारण यो जटिल बनेको छ । त्यस्तै बौद्धिक सम्पत्तिको अपार क्षेत्रलाई संरक्षणको लागि सर्वसाधारणको पहुँच नहुनु र हाम्रो वौद्धिक सृजना परम्परागत ज्ञानसीप र दक्षता संरक्षणमा वौद्धिक सम्पत्तिकै अर्को विधाका सैद्धान्तिक मूल्य र मान्यतासँग द्वन्द्व सृजना हुनु अनि सर्वसाधारण जनतामा वौद्धिक सम्पत्ति सम्बन्धी चेतनाको अभाव यी सबै पक्ष वौद्धिक सम्पत्ति संरक्षणका बाधक तत्व हुन् । यस अर्थमा वौद्धिक सम्पत्ति संरक्षणको प्रश्न बढी गम्भीर रहेको प्रष्ट छ । वौद्धिक सम्पत्तिको अर्को पक्षलाई हामीले हेर्दा प्रश्न उठ्न सक्छ की के यो नितान्त व्यक्तिगत स्वार्थसँग गाँसिएको सवाल हो ? अवश्य पनि होइन । कुनै एउटा व्यक्तिको नवीन र मौलिक वौद्धिक सृजनाको संरक्षण हुनु भनेको करोडौं मूल्यको भौतिक वस्तुको संरक्षणबाट व्यक्ति र समाजलाई हुने सकारात्मक असर भन्दा बढी हुन्छवौद्धिक सृजनाको संरक्षणले वस्तुत मानव सभ्यताको विकासको प्रत्याभूत गरेको हुन्छ । देश, समाज र व्यक्तिलको समग्र विकासको प्रत्याभूत गरेको हुन्छ । तसर्थ बौद्धिक सम्पत्ति संरक्षणको सवाल कुनै एकल व्यक्तिको स्वार्थ संरक्षणसँग सम्बद्ध कदापि छैन बरु यसले प्रत्यक्ष रुपमा सामाजिक स्वार्थको संरक्षण गरेको हुन्छ भने देशको आर्थिक र सामाजिक एवं विज्ञान प्रविधिको विकास अप्रत्यक्ष भूमिका निर्वाह गरेको हुन्छ । देश र समाजको आर्थिक, सामाजिक र विज्ञान प्रविधिको विकासमा प्रत्यक्ष वा अप्रत्यक्ष भूमिका महत्वपूर्ण रुपमा निर्वाह गर्ने वौद्धिक सम्पत्तिको संरक्षणको मूल आधार भने यसको सृजनाकार नै हुन् र सृजनाकारको सृजनशिल ज्ञान सीप त दक्षताको संरक्षण सम्बर्द्धन नै देशको विकासको मूल आधार हुनसक्छ ।

नेपालको अन्तरिम संविधानको भाग ४ मा धारा ३३, ३४, ३५ मा व्यवस्थित राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीतिहरुको विभिन्न उपाधाराहरुमा फैलिएर रहेको देशको विकास र देशवासीको आर्थिक, सामाजिक तथा विज्ञान प्रविधिमा विकास गर्ने, प्राकृतिक स्रोत र सम्पदाको उचित उपयोग गर्ने, जैविक विविधता परम्रागत ज्ञान, सीप र दक्षता एवं प्रविधिको आधुनिक संरक्षण गरी देशको हितको निम्ति उपयोग गर्ने भन्ने व्यवस्था आफेंमा उत्कृष्ठ प्रयासको रुपमा लिन सकिन्छ । तर पनि यी क्षेत्रहरुको संरक्षण सम्बर्द्धन र विकासमा अग्रणी भूमिका निर्वाह गर्ने वौद्धिक सम्पत्तिको अवधारणालाई भने समेट्न नसकेको अवस्थामा यस व्यवस्थामा ठूलो भाग खाली नै रहेको छ । अन्तरिम संविधानको भाग ३ मा व्यवस्था गरिएको स्वतन्त्रताको हक, प्रकासन प्रसारण र छापाखाना सम्बन्धी हक, शिक्षा र संस्कृति सम्बन्धी हक, सम्पत्ति सम्बन्धी हक, सूचनाको हक, गोपनीयताको हक इत्यादिमा व्यवस्था गरिएको आधारभूत मौलिक अधिकारहरुको व्यवस्थाले बौद्धिक सम्पत्तिका केही अवधारणालाई आधारभूत संरक्षण दिन खोजेको पाइए पनि त्यो स्वतस्फूर्त र स्पष्ट नहुँदा नेपाली जनताले आफूसँग निहित बौद्धिक ज्ञान, सीप र दक्षतालाई आफ्नो आधारभूत मौलिक अधिकारको रुपमा संरक्षित गर्न सकेका छैनन् । यदि कसैले आफ्नो वौद्धिक ज्ञान, सीप र दक्षताको उपयोग गर्ने अवसर नै पाइदैन र उपभोग गरिएको अवसथामा त्यसको संरक्षणको प्रत्याभूति राज्यले दिँदैन र त्यसको दायित्व राज्यले स्वीकार गरिदैन भने आधारभूत मानव अधिकारको रुपमा मौलिक हकको शिर्षक दिएर संरक्षण दिन खोजेका ती विाष्यहरुले महिल्यै पूर्णता पाउन सक्दैन । किनकि सबै चित भएर पनि मानव पुन दास नै बन्न बाध्य हुन्छ । आफ्नो वौद्धिक क्षमता आफूले उपयोग गर्न नपाउने भन्दा ठूलो दासता मानवका लागि अर्को केही हुनेछैन ।

यो विषयलाई संयुक्त राष्ट्रसंघ मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २७(१) र (२) ले यसको प्रत्याभूति समेत गरेको र त्यसलाई सजीव रुपमा आफ्नो संवैधानिक उद्घोष गर्न सफल अमेरिकी संविधानको धारा १, दफा ८, देहाय ८ को व्यवस्थाले अमेरिकी कंग्रेसलाई विज्ञान तथा उपयोगी कलाको विकासलाई टेवा पुर्याउन सृजनाकार र आविष्कारकहरुलाई उनीहरुको सृजनामाथि सिमित अवधिको लागि उपयोगको विशेषाधिकार प्रदान गर्न व्यवस्थ ागर्ने अधिकार प्रदान गरेको छ । यो व्यवस्थालाई वौद्धिक सम्पत्ति सम्वन्धि अमेरिकी संवैधानिक प्रविवद्धताको रुपमा लिन सकिन्छ । जसवाट अमेरिका वौद्धिक सम्पत्ति संरक्षणमा १७ औं शताव्दीवाट नै संवैधानिक संरक्षणको प्रत्याभति सहित अगाडी बढ्यो । जहाँ सन १८१३ मा Thomas Jefferson ले विचारलाई सम्पत्तिको रुपमा स्वीकार गर्न नसकिने तर्क पनि प्रस्तुत गरेका थिए । त्यसो त इसापूर्व चौथो शताव्दीमा Hippodamus को समाजोपयोगी

वस्तुको सृजनाकारलाई पुरस्कारको व्यवस्था गर्ने प्रणालीको प्रस्तावलाई Aristotle ले व्यक्ति पुरस्कृत गर्ने प्रणालीले सामाजिक भलाई एवं विकासमा नकारात्मक असर पर्छ भनि टिप्पणी पनि नगरेको होइन । तरपनि व्यवस्थित रुपमा व्यक्तिगत स्वार्थ र सामाजिक हित एवं स्वार्थलाई सन्तुलनमा राखेर विकास हुने वौद्धिक सम्पत्ति सम्वन्धि प्रणालीले देशको सर्वाङ्गिण विकासमा अग्रणि भूमिका खेल्ने कुराको पुष्टि अमेरिका, जापान, जर्मनी, फ्रान्स, वेलायत जस्ता देशले गरेको छ ।

नेपालको परिप्रेक्षमा वौद्धिक सम्पत्ति संरक्षण गर्ने हाल लागु रहेका कानूनले सर्वसाधारण जनताको वौद्धिक सम्पत्ति वौद्धिक ज्ञान, शीप एवं दक्षतालाई संरक्षण गर्न सफल हुन सकेको छैन । यसको मूल कारणमा माथि उल्लेखित तत्वहरुले भूमिका खेलेको पाइन्छ नै विशेष गरी संरक्षण प्रणालीसम्म आम नेपाली जनताको पहूँच नहुनु सर्वाधिक चिन्ताको विषय वनेको छ भने भएको परम्परागत ज्ञान, शीप एवं दक्षता तेश्रो व्यक्तिले विभिन्न वहानामा चोरी गरी दिंदा, नक्कल गरी आर्थिक लाभ लिंदा वा प्रचलित कानूनले संरक्षणको घेरा बाहिर राखिदिंदा आम जन साधारण आफ्नो वौद्धिक ज्ञान, शीप एवं दक्षताको संरक्षण गर्न असमर्थ रहेका छन् । आम जनस्तरमा रहेको वौद्धिक सम्पत्तिको संरक्षण प्रभावकारी रुपमा गर्नका लागि सामान्य कानूनी संयन्त्रले मात्र पर्याप्त हुने अवस्था पनि नभएको परिप्रेक्षमा नेपालमा वौद्धिक सम्पत्तिको संरक्षणमा संवैधानिक भूमिकाको आवश्यकता रहेको छ । आम जनस्तरमा आफ्नो व्यक्तिगत मौलिक वा नविन ज्ञान शीप एवं दक्षताको उपयोग गरी गर्ने सामान्य देखि विशिष्टिकृत मौलिक र नविन सृजनाहरुको संरक्षण हुन सकेमा ती जनस्तरमा रहेका सृजनाकार र परम्परागत ज्ञान, शीप एवं दक्षताका संवाहक व्यक्तित्वहरुले आफ्नो जीवनलाई इज्जतसाथ आर्थिक सामाजिक समृद्धिसाथ यापन गर्न पाउने कुरामा दुइमत नहोला । जसले देशको सामाजिक आर्थिक विकासलाई महत्वपूर्ण योगदान गरेको हुन्छ ।

हामी नेपालीलाई दया होइन अवसरको खाँचो छ । हामीलाई अरुले दिएको दान होइन आफ्नो शीप र क्षमताको मान चाहिएको छ । विदेशमा गएर या आफ्नै भूमिमा आधुनिक दास भएर होइन आफ्नो वौद्धिक सम्पत्तिको मालिक भएर बाँच्ने आधारभूत हक मौलिक हक संस्थागत हुनु जरुरी छ । नेपालीले आफुसंग रहेको वौद्धिक सम्पत्तिको संरक्षणको प्रत्याभूति राज्यले गर्नु पर्दछ । आर्थिक, सामाजिक, भौगोलिक विकतता र असमर्थताको कारणले मात्र आपरुनो सृजनाको डकैति हुनबाट जोगिन पाउने हक मौलिक हकको रुपमा स्थापित हुन जरुरी छ । व्यक्तिले व्यक्तिगत निजी स्वार्थको लागि उपयोग गरिने एक टुक्रा जमिनलाई संवैधानिक संरक्षणको प्रत्याभूति दिएको अवस्थामा समग्र समाज र देशको आर्थिक सामाजिक र प्राविधिक विकमसमा अग्रणि भूमिका खल्ने वौद्धिक सम्पत्तिको संरक्षण विनाशर्त राज्यले गरिदिने संवैधानिक प्रत्याभूतिको आवश्यकता रहेको छ । यसो हुन सकेमा मात्र 'डाँफे' जस्ता नेपाली सृजनाहरु अन्तर्राष्ट्रिय आकाशमा उड्न सफल हुनेछन् । अन्यथा नेपाली सृजनाकारहरु फेरी पनि नयाँ नेपालमा आधुनिक दास हुनु पर्ने परिस्थिति रहिरहने छ । तसर्थ अव वन्ने संविधानमा जनस्तरबाट नै वौद्धिक सम्पत्तिको संरक्षण गर्ने प्रत्याभूति दिन सक्नुपर्छ । यो विषय राज्यको दायित्व, निर्देशक सिद्धान्त र निति अनि नागरिकको मौलिक हकको रुपमा स्पष्ट व्यवस्था हुनु नयाँ नेपालको नागरिकको नवीन आवाज हो ।

अधिवक्ता राज कुमार सुवाल, (एल.एल.एम. वौद्धिक सम्पत्ति कानून)
उप प्राध्यापक
काठमाण्डौ स्कूल अफ ल
raj@cipn.com.np